# **स्थानीय तह निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४**

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।०१।२८**

स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको निर्देशिका बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (दोस्रो संशोधन) निर्देशिका, २०७४" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा ४ मा संशोधन** : स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ४ को उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर यसरी निर्वाचन अधिकृत नियुक्ति गर्दा न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई मात्र नियुक्ति गर्न नसकिएमा निजामती सेवाभित्रका अन्य सेवाका राजपत्राङ्कित अधिकृतलाई समेत नियुक्ति गर्न सकिनेछ।"

३. **मूल निर्देशिकाको दफा १५ मा संशोधन** : मूल निर्देशिकाको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :-

"१५. **निर्वाचन कार्यालयले मतदाता नामावली उपलब्ध गराउने** : (१) मतदाता, उम्मेदवार वा सरोकारवाला व्यक्तिले आफ्नो मतदाता नामावली लिन चाहेमा र निर्वाचन कार्यालयमा त्यस्तो मतदाता नामावली उपलब्ध भएमा सो कार्यालयले प्रति पृष्ठ तीन रुपैयाँका दरले हुन आउने रकम लिई त्यस्तो मतदाता नामावलीको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

(२) स्थानीय तहको निर्वाचन प्रयोजनको लागि सम्बन्धित जिल्लामा दर्ता भएको राजनीतिक दललाई त्यस्तो दलको पत्रको आधारमा र स्वतन्त्र उम्मेदवारलाई निजको निवेदनको आधारमा निर्वाचन कार्यालयले दफा १३ बमोजिमको दस्तुर लिई फोटो बाहेकको मतदाता नामावलीको विद्युतीय रुप (सिडी) उपलब्ध गराउनु पर्नेछ।"

४. **मूल निर्देशिकाको दफा २७ मा संशोधन** : मूल निर्देशिकाको दफा २७ को उपदफा (३) झिकिएको छ।

५. **मूल निर्देशिकाको दफा २८ मा संशोधन** : मूल निर्देशिकाको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छ :-

"२८. **निर्वाचन कार्यक्रम प्रकाशन गर्ने** : (१) आयोगले ऐनको दफा ५ बमोजिम प्रकाशन गरेको निर्वाचन कार्यक्रम अनुसार निर्वाचन अधिकृतले अनुसूची-११ बमोजिमको ढाँचामा निर्वाचन कार्यक्रम तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गरी अनुसूची-१२ बमोजिमको ढाँचामा त्यसको मुचुल्का गर्नु पर्नेछ।

(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको लागि गाउँसभा वा नगरसभाको निर्वाचन

परिणाम घोषणा भएको तीन दिनभित्र निर्वाचन अधिकृतले दफा २७ को उपदफा (२) बमोजिम निर्वाचनको कार्यक्रम तयार गरी प्रकाशन गर्नु पर्नेछ । यसरी निर्वाचन कार्यक्रम तयार गर्दा गाउँसभा वा नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निर्वाचन सम्पन्न भईसक्ने गरी तयार गर्नु पर्नेछ ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनको लागि गाउँसभा वा नगरसभाको सबै पदमा निर्विरोध निर्वाचन भएमा मतदानको लागि तोकिएको मितिमा निर्वाचन परिणाम घोषणा भएको मानिनेछ ।

(३) जिल्ला समन्वय समितिको निर्वाचनको लागि निर्वाचन अधिकृतले आफू नियुक्त भएको पाँच दिनभित्र दफा २७ को उपदफा (२) बमोजिम निर्वाचन कार्यक्रम तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(४) सम्बन्धित निर्वाचन अधिकृतले उपदफा (२) वा (३) बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गरेको जानकारी सम्भव भएसम्म सम्बन्धित राजनीतिक दलको कार्यालयलाई दिनु पर्नेछ ।”

६. **मूल निर्देशिकाको दफा ३९ मा संशोधन** : मूल निर्देशिकाको दफा ३९ को उपदफा (२) झिकिएको छ ।

७. **मूल निर्देशिकाको दफा ५६ मा संशोधन** : मूल निर्देशिकाको दफा ५६ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

“(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहको सबै पदमा निर्विरोध निर्वाचन भएमा त्यस्तो स्थानीय तहको लागि मतदान हुन तोकिएको मितिमा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मानिनेछ र त्यसरी निर्विरोध निर्वाचित भएका उम्मेदवारलाई सोही मितिमा प्रमाणपत्र दिइनेछ ।”

८. **मूल निर्देशिकाको दफा १२४ मा संशोधन** : मूल निर्देशिकाको दफा १२४ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

“(५) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ हुनु पूर्व मतगणनास्थलमा उपस्थित कसैले पनि क्यामरा, मोबाइल जस्ता उपकरणहरु प्रयोग गर्न नपाउने कुराको जानकारी गराई त्यस्ता उपकरण प्रयोग नगर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।”

९. **मूल निर्देशिकाको दफा १२९ मा संशोधन** : मूल निर्देशिकाको दफा १२९ को,-

(१) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

“(५) उपदफा (४) बमोजिम तयार गरिएको प्रत्येक वडाको मत परिणामको आधारमा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख पदको मत परिणाम अनुसूची-५३ बमोजिमको फाराममा चढाउनु पर्नेछ ।”

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

“(६) उपदफा (३), (४) र (५) बमोजिमको फाराममा मतसङ्ख्या उल्लेख गर्दा प्रत्येक पदको सदर र बदर भएको मतको सङ्ख्या खुलाउनु पर्नेछ ।”

(३) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छ :-

“(८) निर्वाचन अधिकृतले मतगणना कार्यको प्रगति र नतिजाको विवरण सूचना पाटी, माइक आदिको माध्यमबाट सर्वसाधारणलाई समय समयमा जानकारी गराउनु पर्नेछ ।”

१०. **मूल निर्देशिकाको अनुसूचीमा संशोधन** : मूल निर्देशिकाको,-

(१) अनुसूची-१ मा रहेका “मतदाता क्रमसंख्या” भन्ने शब्दहरुको सट्टा “मतदाता नम्बर” भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची-१५ को ठाउँ ठाउँमा रहेका “मतदाता क्र.सं.” भन्ने शब्दहरुको सट्टा “मतदाता नं.” भन्ने शब्दहरु राखिएका छन् ।

(३) अनुसूची-२० मा रहेका “मतदाता क्रमसंख्या” भन्ने शब्दहरुको सट्टा “मतदाता नं.” भन्ने शब्दहरु राखिएका छन् ।

(४) अनुसूची-५१, अनुसूची-५२ र अनुसूची-५३ को सट्टा देहायका अनुसूची-५१, अनुसूची-५२ र अनुसूची-५३ राखिएका छन् :-

अनुसूची-५१

(दफा १२९ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

.............................. जिल्ला

.............................. गाउँपालिका/नगरपालिका/जिल्ला समन्वय समिति

**<u>मतगणना फाराम : १</u>**

............................. जिल्ला..................... गाउँपालिका/नगरपालिका वडा नं. ..... /गाउँ कार्यपालिका/ नगर कार्यपालिका/जिल्ला समन्वय समितिको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/उपप्रमुख/वडा अध्यक्ष/सदस्य/महिला सदस्य/दलित महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि मतदान भएको मतको गणना देहाय बमोजिम छ।

वडा नं. :- मतदान केन्द्र :-

कुल मतदाता सङ्ख्या :- कुल मतदान सङ्ख्या :-

जम्मा खसेको मत संख्या :-

सम्पूर्ण रुपमा बदर भएको मतपत्र संख्या :-

| क्र. सं. | निर्वाचन चिन्ह | अध्यक्ष | | उपाध्यक्ष | | वडा अध्यक्ष | | महिला वडा सदस्य | | दलित महिला वडा सदस्य | | वडा सदस्य दुइ जना | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गणनाको धर्सो | जम्मा मत | गणनाको धर्सो | जम्मा मत | गणनाको धर्सो | जम्मा मत | गणनाको धर्सो | जम्मा मत | गणनाको धर्सो | जम्मा मत | गणनाको धर्सो | जम्मा मत | गणनाको धर्सो | जम्मा मत |
| १ | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | | | | | | | | | | | | | | | |
| . | | | | | | | | | | | | | | | |
| . | | | | | | | | | | | | | | | |
| | **बदर मत** | | | | | | | | | | | | | | |

मतगणना गर्ने कर्मचारीको

१. ........................................ (नाम) ................................ (दस्तखत)

२. ........................................ (नाम) ................................ (दस्तखत)

३. ........................................ (नाम) ................................ (दस्तखत)

**द्रष्टव्यः**

(१) यो गणना फाराम जिल्लाको मतपत्रमा रहेको निर्वाचन चिन्हको लहर अनुसार तयार गरी गणना गर्नु पर्नेछ ।

(२) गणना फाराम १ को नतिजा गणना फाराम नं.२ मा प्रविष्ट गरी वडागत नतिजा सीट तयार गर्नु पर्नेछ ।

(३) मतपत्र ६ बाट २ जना वडा सदस्य निर्वाचित हुने भएकोले उक्त मतपत्रबाट सबैभन्दा बढी मत प्राप्त गर्ने २ जना सदस्यको नतिजालाई फाराम नं २ मा प्रविष्ट गर्नु पर्नेछ ।

अनुसूची-५२

(दफा १२९ को उपदफा (४) सँग सम्बन्धित)

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

.............................. जिल्ला

.............................. गाउँपालिका/नगरपालिका/जिल्ला समन्वय समिति

मतगणना फाराम-२

**वडागत मतगणना अभिलेख फाराम**

गाउँपालिका/नगरपालिकाको नाम:

वडा नं.

पद : अध्यक्ष/प्रमुख /उपाध्यक्ष/उपप्रमुख/वडा अध्यक्ष/महिला वडा सदस्य/दलित महिला वडा सदस्य/वडा सदस्य २ जना

| **क्र.सं.** | **निर्वाचन चिन्ह** | **प्राप्त मत विवरण** | | | | **जम्मा मत** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| | | .................केन्द्र | ...............केन्द्र | ...............केन्द्र | ...............केन्द्र | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| . | | | | | | | |
| | बदर मत | | | | | | |

द्रष्टव्यः

(१) यो गणना फाराम जिल्लाको मतपत्रमा रहेको निर्वाचन चिन्हको लहर अनुसार तयार गरी गणना गर्नु पर्नेछ ।

(२) फाराम नं २ प्रत्येक पदका लागि अलग अलग तयार गर्नु पर्नेछ ।

(३) वडा अध्यक्ष/महिला वडा सदस्य/दलित महिला वडा सदस्य/वडा सदस्य पदमा फाराम नं. २ को कूल परिणामका आधारमा सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछन् ।

मिति :-

...........................

निर्वाचन अधिकृत

अनुसूची-५३

(दफा १२९ को उपदफा (५) सँग सम्बन्धित)

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

............................ जिल्ला

............................ गाउँपालिका/नगरपालिका/जिल्ला समन्वय समिति

मतगणना फाराम-३

अध्यक्ष/प्रमुख /उपाध्यक्ष/उपप्रमुख पदको एकीकृत मतगणना फाराम

गाउँपालिका/नगरपालिकाको नामः
पद : अध्यक्ष/प्रमुख/उपाध्यक्ष/उपप्रमुख

| क.सं. | निर्वाचन चिन्ह | प्राप्त मत विवरण | | | | जम्मा मत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ... | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| . | | | | | | | |
| . | | | | | | | |
| | **बदर मत** | | | | | | |

**द्रष्टव्यः**

(१) यो गणना फाराम जिल्लाको मतपत्रमा रहेको निर्वाचन चिन्हको लहर अनुसार तयार गरी गणना गर्नु पर्नेछ।

(२) फाराम नं २ तयार गरिसकेपछि अध्यक्ष/प्रमुख/उपाध्यक्ष/उपप्रमुखले वडागत रुपम प्राप्त गरेको मत यो फाराममा प्रविष्ट गर्नु पर्नेछ।

(३) फाराम तयार गर्दा अध्यक्ष/प्रमुख/उपाध्यक्ष/उपप्रमुख पदका लागि अलग अलग तयार गर्नु पर्नेछ।

(४) सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवार विजयी हुनेछन्।